बैठक नं.८

आज मिति २०८२/१०/२९ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ९:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | बसन्ती |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | राधा |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. ८.१**
मिति २०८२/१०/१४ मा वसेको नगरकार्यपालिकाको सातौं वैठकवाट पारित भएका निर्णयहरुको समीक्षा सम्वन्धमा ।

**निर्णय नं. ८.१**

- बुटवल उपमहानगरपालिकाको आय ठेक्का वन्दोबस्त गर्ने सम्वन्धी नियमावली, २०७६ माथि तेस्रो संशोधन गरिएको ।
- नगरप्रमुख गृहिणी महिला स्वरोजगार सम्वन्धी तालिमका लागि आवश्यक पाठ्यक्रम, दररेट, कार्यशर्त तथा खरिद डकुमेन्ट स्वीकृत गरिएको ।
- मिति २०८२।०९।२४ मा वसेको नगर शिक्षा समितिको वैठकवाट भएका निर्णयहरु अनुमोदन गरिएको ।
- बुटवल उपमहानगरपालिका वडा नं. १ स्थित शिव र हनुमान मन्दिरको जग्गा खिचोला विषयको फैसला कार्यान्वयन सन्दर्भमा मेलमिलापका लागि राय सुझाव सहितको प्रतिवेदन दिनका लागि कार्यदल गठन गरिएको ।
- बुटवल उपमहानगरपालिकाको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० को अनुसूची ४ संशोधन गरिएको ।
- बुटवल उपमहानगरपालिका वडा नं. १७ स्थित सार्वजनिक जग्गामा रहेको गौतम बुद्ध विहार मन्दिरका बारेमा भएका कामकारवाहीहरुको बारेमा स्थलगत अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्नका लागि कार्यदल गठन गरिएको ।
- सैनामैना नगरपालिका वडा नं. १ र बुटवल उपमहानगरपालिका वडा नं. १२ को सीमा भई वग्ने बमाहा खोलाबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन व्यवस्थापन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरिएको ।
- नदीजन्य पदार्थको माग तथा उपलब्ध गराउने सम्वन्धमा आवश्यक निर्णय लिइएको ।

**प्रस्ताव नं. ८.२**
बुटवल उपमहानगरपालिकाको ६७ औं स्थापना दिवस मनाउने सम्वन्धमा ।

**निर्णय नं. ८.२**

मिति २०८२।११।०३ गतेका दिन यस बुटवल उपमहानगरपालिकाको ६७ औं स्थापना दिवस पर्ने तर हाल निर्वाचन आचार संहिता लागु भएको अवस्था समेत भएको हुँदा देहायको मिति, समय र स्थानमा सम्म भएका गतिविधिहरुको समीक्षा सहित आन्तरिक तयारीका साथ ६७ औं स्थापना दिवस मनाउने निर्णय गरियो ।

मितिः- २०८२।११।०३ गते आईतवार ।
समय :- दिनको २:३० वजे ।
स्थान :- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसर ।

**प्रस्ताव नं. ८.३**
संघीय विशेष र समपुरक अनुदानका आयोजना छनौट तथा प्राथमिकताक्रम सम्वन्धमा ।

**निर्णय नं. ८.३**

आगामी आ.व. २०८३/०८४ का लागि संघीय सरकार विशेष र समपुरक अनुदान कार्यविधिले निर्दिष्ट गरे अनुसार देहाय बमोजिमको प्राथमिकताक्रम तोकी समपुरक अनुदानमा बुटवल उपमहानगरपालिकाको तर्फबाट ८० प्रतिशत लागत सहभागिताको सुनिश्चितता रहने प्रतिबद्धता सहित देहायका योजना छनौट गरी स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौंमा लेखी पठाउने निर्णय गरियो ।

**(क) विशेष अनुदान तर्फ :**

विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम

| क.सं. | आयोजना वा कार्यक्रमको नाम | माग रकम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | बुटवल उपमहानगरपालिका वडा नं. १ स्थित बुटवल माध्यमिक विद्यालयको भवन निर्माण, बुटवल १ | ३ करोड | १ | नयाँ |
| २ | स्वास्थ्य प्रयोगशाला स्थापना संचालन एवं उपकरण खरिद, बुटवल | २ करोड | २ | नयाँ |

**(ख) समपुरक अनुदान तर्फ :**

समपुरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम

| क.सं. | आयोजना वा कार्यक्रमको नाम | माग रकम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | पर्यटकीय क्षेत्रको निर्माणका लागि जितगढी तिनाउँ नदी सभ्यतामा आधारित आरती केन्द्र निर्माण , बुटवल-१ | ३ करोड | १ | क्रमागत |
| २ | बुटवल देखि नुवाकोट गढीसम्म पदमार्ग निर्माण | ३ करोड | २ | नयाँ |

**प्रस्ताव नं. ८.४ विविध ।**

**प्रस्ताव नं. ८.४.१**
नदीजन्य पदार्थको माग र उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. ८.४.१**

(क) संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय,पोखरा सडक डिभिजन ,बुटवल अन्तर्गत बुटवल चौराहा देखि गोलपार्क चिडियाखोला सडक स्तरोन्नती आयोजना ,ठेक्का नं **DROBTL/33701130/2080/81-35**,निर्माण व्यवसायी श्री **Babul–Darsan Malika j.v. Bhairahawa** भएको आयोजनाका लागि आवश्यक नदीजन्य पदार्थ ठेक्काको निर्माण कार्यमा मात्र प्रयोग गर्ने गरी मेशीन उपकरण प्रयोग गरी नियमानुसारको शुल्क लिई आवश्यक करिव १५००० घन मिटर नदीजन्य पदार्थ उपलब्ध गराइ दिनु हुन भनी सडक डिभिजन कार्यालय बुटवलबाट पटक/पटक माग भई आएकोले उक्त सडक बुटवल नगरको मुख्य सहर क्षेत्रभित्रको गौरवको महत्वपूर्ण आयोजना पनि भएको र विगत ८।९ वर्ष अघि देखि पुनः ठेक्का भई निर्माण भइरहेको, बाटो समयमै सम्पन्न नहुँदा धुलो र हिलोले औधोगिक एवं व्यापारिक नगरीको रुपमा परिचित बुटवल शहर व्यापार व्यवसायको हिसावले अत्यन्त प्रभावित भएको, बाटोको कारण बुटवल वजारवाट छिमेकी नगरपालिका एवं अन्य गाउँपालिका तर्फ वजार विस्तार भई बुटवल ओझेलमा पर्ने सम्भावना भएको, पेशा, व्यापार व्यवसायमा कमी आई वजारका सटरहरु खाली हुँदै जान थालेको । स्थानीय व्यवसायी एवं नगरवासीहरु समेतवाट सडक छिटो निर्माण सम्पन्न गर्नु पर्ने दवाव परिरहेको । सडक समयमा सम्पन्न हुन नसक्नुमा नदीजन्य पदार्थ नै वाधक रहेको, नगरभित्र संचालन एवं कार्यान्वयन हुने सङ्घीय र प्रदेशस्तरका राष्ट्रिय एवं प्रदेशस्तरका र प्राथमिकता प्राप्त आयोजनाहरुलाई आवश्यक पर्ने नदीजन्य पदार्थ उपलब्ध गराई निर्दिष्ट समयमै आयोजना सम्पन्न गर्न आवश्यक सहयोग गर्नु स्थानीय तहहरुको समेत दायित्व भएको । नदीजन्य पदार्थ समयमा उपलब्ध नगराउदा स्थानीय तहले सहयोग नगरेको भनी जनमानसमा भ्रम सृजना हुने भएको र सडक सम्पन्न हुने म्याद अव बाँकी २ महिना रहेको नदीजन्य पदार्थको अभाव भएमा समयमै सडक सम्पन्न नभई पुनः टेन्डरमा जानु पर्ने जसका कारण राज्यलाई थप आर्थिक व्ययभार समेत पर्ने सम्भावना भएको, निर्माण सामग्रीको अभाव समेतका कारणले निर्माण सम्पन्न गर्न कठिनाई भएको र निर्माण व्यवसायीबाट गुनासो आएको अवस्था समेतलाई मध्यनजर गरी निर्माण व्यवसायीबाट माग भए बमोजिम जिल्ला समन्वय समिति र प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराई यस उपमहानगरपालिकाको आर्थिक ऐनले निर्दिष्ट गरेको दररेटमा मूल्यअभिवृद्धि कर (Vat) समेत जोडी समग्रमा राजस्वमा फरक नपर्ने गरि उक्त ठेक्काको लागि आवश्यकताको आधारमा प्राविधिकवाट स्थलगत अनुगमन गराइ प्राप्त प्रतिवेदन बमोजिम हुने गरी नदीजन्य पदार्थ उपलब्ध गराउनका लागि कार्यालयले तयारी गरी पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.४.२**
विवाह दर्ता रद्द सम्वन्धमा ।

**निर्णय नं. ८.४.२**

बुटवल उपमहानगरपालिका वडा नं ०८ निवासी शिवकुमार गौतमको छोरा अच्युत गौतम ना.प्र.नं. (३७२०२/५३४३८ रुपन्देही) र तिलोत्तमा ९ निवासी शुशिल शर्माकी छोरी प्रज्ञा शर्मा (ना.प्र.नं. ३७-०१-७६-०२२६६ रुपन्देही) बीच सामाजिक परम्परा अनुसार मिति२०८०/०१/२८ गतेका दिन विवाह भएको। पति/पत्नीको उपस्थितिमा मिति २०८०/०२/०१ गते बुटवल उपमहानगरपालिका वडा नं ०८ मा बिवाह (दर्ता नं २०४९०२१५०८९५२-२०५९१२१८०२५६९-४) दर्ता गराएको, श्रीमान अच्युत गौतम विगत लामो समयदेखि उच्च शिक्षा हासिल गर्नका लागि अमेरिका रहदै आएकोले अमेरिकाबाट ईण्डिया आउनका लागि मात्र भिषा लगाई इण्डिया आएको समयमा नेपाल आई विवाह गरी विवाह दर्ता नं (२०४९०२१५०८९५२-२०५९१२१८०२५६९-४) र दर्ता मिति २०८०/०२/०१ रहेको विवाहदर्ता प्रमाणपत्र लिएको भए तापनि यात्रा अनुमतिका कारण उक्त मिति २०८०/०२/०१ गते दर्ता नं (२०४९०२१५०८९५२-२०५९१२१८०२५६९-४) मा भएको विवाह दर्ता रद्द गर्न वडा कार्यालयको सरजमिन मुचुल्का, वडा समितिको निर्णय एवम सिफारिस समेत पेश हुन आएका र निजहरुका अभिभावक कार्यालयमा उपस्थित भई सनाखत समेत गरेको हुँदा नेपाली नागरिकको सुविधा सन्तुलनलाई दृष्टिगत गरी उक्त विवाह दर्ता रद्द गर्न प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.४.३**
अनुगमन तथा व्यवस्थापन समितिमा सदस्य तोक्ने सम्वन्धमा ।

**निर्णय नं. ८.४.३**

बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ को परिच्छेद-५ दफा १८ को उपदफा (१) मा नदीजन्य पदार्थको उत्खनन् संकलन भण्डारण, कसिङ, प्रशोधन र बिक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन स्वीकृत मापदण्ड र ऐनको पालना एवं गुणस्तर सुनिश्चित गर्न उपप्रमुखको संयोजकत्वमा अनुगमन तथा व्यवस्थापन समिति रहने व्यवस्था रहेको । उल्लेखित उपदफाको (घ) मा नगरसभाका सदस्यहरु मध्येबाट नगरकार्यपालिकाले तोकेको ३ जना सदस्य रहने कानूनी व्यवस्था भएको हुंदा दफा १८ को उपदफा १ बमोजिमको व्यवस्थापन समितिलाई पुर्णता दिई कार्यान्वयनमा लैजानका लागि देहायका नगर सभाका सदस्यहरुलाई उक्त समितिको सदस्य पदमा तोक्ने निर्णय गरियो ।

१. श्री नारायण प्रसाद पुन, वडा अध्यक्ष वडा नं. १३ ।

२. श्री तुल्सी बहादुर चौधरी, वडा सदस्य वडा नं. १७ ।

३. श्री पवित्रादेवी श्रेष्ठ, वडा सदस्य वडा नं. ३ ।

**प्रस्ताव नं. ८.४.४**

अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ८.४.४**

बुटवल उपमहानगरपालिका वडा नं. ५ स्थित हाट बजार सपिङ्ग कम्प्लेक्समा रहेका पूर्व, पश्चिम र उत्तर मोहडाका सटरहरुको सम्बन्धमा मिति २०८२।०९।०८ गतेको नगरकार्यपालिकाको निर्णयबाट न्यूनतम दररेट कायम गरिएकोमा सटर नं. २, ५ र ३३ को दोहोरो मोहडा हुनु पर्नेमा न्यूनतम दररेट कायम गर्दा एक तर्फि मोहडा हुन गएको र उक्त सटरहरुको दोहोरो मोहडा भएको हुँदा सोही बमोजिम दोहोरो मोहडाको न्यूनतम दररेट कायम हुने गरि मिति २०८२।१०।२५ मा भएको नगरप्रमुखस्तरीय निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं. ८.४.५**

नगर सरसफाइ व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ८.४.५**

बुटवल उपमहानगरपालिका क्षेत्रलाई उज्यालो, हरियाली र सफा सुन्दर बनाई सफा शहरको रुपमा परिचित गराई व्यवस्थित र सुन्दर बनाउनका लागि सरसफाई नै बुटवलको संस्कृति हो भन्ने मान्यता स्थापित गराउन आवश्यक भएको हुँदा उपमहानगर क्षेत्र भित्रका संघसंस्था एवं क्लबहरुलाई कार्यक्रमका लागि सहयोग उपलब्ध गराउदा सरसफाइमा संलग्न संस्था हो भन्ने व्यहोराको प्रमाणिकता वडाको हकमा वडा अध्यक्षहरु र कार्यालयको हकमा सरसफाई शाखा प्रमुखले प्रमाणपत्र उपलब्ध गराउने र सोही प्रमाणपत्रको आधारमा मात्र बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै यस निर्णयलाई आगामी नगरसभामा नीतिमा समावेश गरी अनुमोदन गराउने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ८.४.६**

शुभकामना सम्बन्धमा ।

**निर्णय नं. ८.४.६**

यहि मिति २०८२।११।०३ गतेका दिनमा पर्न गएको महाशिवरात्री पर्वको अवसरमा सम्पुर्ण उपमहानगरवासीहरुमा यो नगरकार्यपालिका बैठक शुभकामना व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ८.४.७**

६७ औ स्थापना दिवसको अवसरमा उपमहानगरपालिकावाट हाल सम्म भएका गतिविधिहरु सम्प्रेषण गर्ने सम्वन्धमा ।

**निर्णय नं. ८.४.७**

बुटवल उपमहानगरपालिकाको ६७ औं स्थापना दिवसका अवसरमा २०८२ माघ २५ गतेदेखि फाल्गुन २ गतेसम्म सप्ताहव्यापी सरसफाई कार्यक्रम जनप्रतिनिधिहरु, नेपाली सेना, नेपाल प्रहरी टोलविकास संस्था, शैक्षिक संघसंस्था, क्याम्पस, विभिन्न क्लव, सामुदायिक संघसंस्थाहरु र नगरकार्यपालिकाका कर्मचारीहरु लगायतको वृहत सहभागितामा सञ्चालन गरिदै आएको छ । बुटवल उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/२०८३ का लागि नगरसभावाट पारित वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिका विनियोजन ऐन, २०८२ को सि.नं. ६१२ खर्च शीर्षक २२५२९ मा विभिन्न उत्सव तथा राष्ट्रिय अन्तराष्ट्रिय दिवस कार्यक्रम शीर्षकमा रु. २०,००,०००।- अक्षरुपी बीस लाख वजेट व्यवस्था भएको हुँदा उक्त स्वीकृत बजेट शीर्षकवाट बुटवल उपमहानगरपालिकाले सम्पादन एवं कार्यान्वयन गर्ने । उपमहानगरपालिकाले हासिल गरेका उपलब्धि एवं गतिविधिहरुको विशेष सामग्री उत्पादन, प्रकाशन र प्रशारणका लागि तपसिलको बजेट शीर्षकवाट रकम खर्च गर्ने गरी तपसिल अनुसारका पत्रपत्रिका, एफ.एम., रेडियो, अनलाइन, टेलिभिजन सञ्चार माध्यमहरुलाई खर्च व्यवस्थापन सहित १ (एक) हप्ता भित्र गतिविधिहरु उपमहानगरवासीहरु समक्ष सम्प्रेषण एवं प्रवाह गरी सुसुचित गराउन उपयुक्त र मनासिव हुने देखिएको हुँदा देहायका मिडियाहरुलाई देहाय बमोजिमको बजेट शिलिङ्गको परिधि भित्र रही सम्वन्धित बजेट शीर्षकवाट खर्च व्यवस्थापन गर्ने गरी मिडिया सम्प्रेषण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो । साथै अन्य आन्तरिक व्यवस्थापन खर्च कार्यालयले व्यवस्थापन गर्ने समेत निर्णय गरीयो ।

| सि.नं. | खर्च शीर्षक | कार्यक्रम शीर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|
| ४०२ | २२५२९ | नगरको प्रगति विवरण प्रकाशन सहकाय | ४,००,००० | रेडियो |
| ३८५ | २२५२९ | नगर गतिविधिबारे जानकारी उत्पादन तथा प्रशारण | ५,००,००० | अनलाइन |
| ४६८ | २२५२९ | बुटवल नगर उपलब्धि प्रकाशन | ५,००,००० | पत्रिका |
| ४७७ | २२५२९ | बुटवलका उपलब्धि प्रकाशन | ४,००,००० | टेलिभिजन |

रेडियो :- प्रत्येक रेडियो/एफ.एम. मिडिया (बुटवल एफ.एम., खस्यौली एफ.एम., रेडियो जागरण, रेडियो मुक्ति, रेडियो लुम्बिनी, रेडियो आवाज, तिनाउ एफ.एम.) हरुलाई रु. १२०००।- अक्षरुपी वाह्र हजारका दरले भुक्तानी गर्ने ।

अनलाइनः- प्रत्येक अनलाइन मिडिया (ग्लोबल आवाज, नागरिक आवाज, बुटजल टुडे, लुम्बिनी टाइम्स, खबर कुरा डट कम, खबर पात्रो, लुम्बिनी अनलाइन, तिनाउ न्यूज, समयचक्र, पब्लिक कुरा, लुम्बिनी पाटी, जनता टुडे, लुम्बिनी राइज, बुटवल पत्र, समतल अनलाइन, नया दीश अनलाइन संचार पत्र, दैनिक पत्र डट कम, खबर पथ डट कम, नमस्ते डट कम, लुम्बिनी संजाल, रुपन्देही टाइम्स, नेपाल हाइलाइट, ई. खस्यौली बुटवल-१२, खस्यौली डट कम, लुम्बिनी प्रेस, सवलपोष्ट डट कम) हरुलाई १५,०००।- अक्षरुपी पन्ध्र हजार रुपैयाँ हजारका दरले भुक्तानी गर्ने ।

पत्रिकाः- प्रत्येक पत्रिका (बुटवल टुडे, दैनिक पत्र, मेचिकाली, लुम्बिनी, तिलोत्तमा दैनिक, गौतमबुद्ध सन्देश, मिसन टुडे, खस्यौली साप्ताहिक, जनसंघर्ष साप्ताहिक) मिडियाहरुलाई ४०,०००।- अक्षरुपी चालिस हजार रुपैयाँ भ्याट सहितको दरले भुक्तानी गर्ने ।

टेलिभिजनः- प्रत्येक (बुद्ध टेलिभिजन, लुम्बिनी टेलिभिजन, राज्य टेलिभिजन, बुटवल टुडे टेलिभिजन, समता टेलिभिजन, साझा टेलिभिजन, तिलोत्तमा टेलिभिजन) मिडियाहरुलाई २५,०००।- अक्षरुपी पच्चिस हजार रुपैयाँ भ्याट सहितको दरले भुक्तानी गर्ने ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो।

२०८२/१०/२९